निर्णय नं. १

डाक्नेश्वरी नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि विभिन्न मितिमा भएको वस्तीस्तरीय भेला, वडा समिति बैठक तथा विषयगत समिति बैठक कार्यक्रम तथा नगरकार्यपालिकाको बैठक बाट सिफारीस भएको र प्राप्त सुझावहरू समेत समेटिएको प्रमुखद्वारा प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा उपप्रमुखबाट प्रस्तुत वजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

आर्थिक वर्ष २०७८/०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०७८ (अनुसुची १) र आ.व. २०७८/०७९ को नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त चालु खर्च, पुजीँगत खर्च र वित्तिय व्यवस्थाको रकम संचित कोषबाट खर्च गर्न बनेको विनियोजन विधेयक २०७८ (अनुसुची २) लाई आठौं नगर सभाबाट स्वीकृत गर्ने सर्वसम्मती बाट निर्णय गरियो ।

निर्णय नं. ३

यस नगरपालिका भित्र रहेका सम्पूर्ण सार्वजनिक पोखरी, हाटबजारलाई नगर कार्यपालिकाबाट मुल्यांकन गरी न्यूनतम दररेट कायम गरी श्रावण महिनाभित्रै ठेक्का बन्दोवस्त गर्न नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

सविक नगरपालिका कार्यालयको सेवा करारमा रहेका कर्मचारी, कार्यालय सहयोगि, चौकीदारहरूको दरबन्दी स्वीकृत गरी सेवा करार अवधि अर्को व्यवस्था नभए सम्मको लागि अनुमोदन सहित निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ५

नगर क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आवश्यक पर्ने जिल्ला दररेटलाई आधार मानी दररेट कायम गर्ने र दररेटमा समावेश नभएका तर योजना कार्यक्रम सञ्चालन गर्दा दररेट कायम गर्नुपरेमा नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

नगरपालिका तथा वडास्तरवाट संचालन हुने क्षमता विकास, तालिम, गोष्ठी सेमिनार लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु संचालन तथा विभिन्न प्रकारका बैठक, सभा समारोह गर्दा अर्थ मन्त्रालयले स्वीकृत गरेको खर्च सम्बन्धी मापदण्डलाई आधार मानी नगरपालिकाको लागि कार्यक्रम सञ्चालन गर्दा खर्चका मापदण्ड अनुसुचीमा उल्लेख भए बमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

नगरपालिकाको प्रशासकीय भवन तथा वडा कार्यालयहरुलाई आफ्नै भवनमा संचालन गर्नका लागि भवन निर्माण कार्यलाई निरन्तरता दिने सम्बन्धी काम गर्नका लागि नगरपालिकालाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८

स्वच्छ वातारवरणमा बाच्न पाउने व्यक्तिको मौलिक हकलाई संरक्षण गर्ने तथा स्वास्थ्य खान पाउने अधिकारलाई संरक्षण गर्न फोहोरमैला व्यवस्थापन प्रभावकारी बनाउने तथा म्याद गुज्रेका खाद्य सामाग्री बेचबिखन गर्ने, खाद्यान्य वस्तु खुल्ला स्थानमा राखि बिक्री गर्ने तथा मानवीय स्वास्थ्यमा असरपार्ने गरी खाद्यान्य व्यवसाय संचालन गर्ने व्यवसायिलाई सचेत गराउने तथा अटेर गरेमा उपभोक्ता हित संरक्षण ऐन अनुसार कारवाही गर्न नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गतका कृषि, पशु प्राविधिकको ५०% पारिश्रमिक बापतको रकम नगरपालिकाबाट बेहोर्ने निर्णय गरियो ।

निर्णय नं. १०

आर्थिक वर्ष ०७७/०७८ मा नगरपालिका, नगर कार्यपालिका, विषयगत समिति तथा न्यायिक समिति, प्रमुख,उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतबाट भएका निर्णय तथा भुक्तानी खर्चहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई दिईदै आएको खाजा नास्ता रकम मासिक रू. १५००। लाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १२

यस नगरपालिकाको भौतिक पूर्वाधार तर्फको योजना तथा कार्यक्रममा आगामी आ.व.देखि मर्मत सम्भार कोषमा स्वीकृत रकमको २ प्रतिशत कोष कट्टी गर्ने तथा १ प्रतिशत विपद व्यवस्थापन कोष कट्टी गरी उक्त रकमलाई पुनः कार्यविधि तथा निर्देशिकाका आधारमा खर्च गर्न नगरपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नगर तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत वजेट सिमा भित्र ३% (तीन प्रतिशत) सिरोभार (कन्टिन्जेन्सी) रकम कट्टा गरी नगरपालिकाको कन्टिन्जेन्सी कोष खातामा राख्ने निर्णय गरियो।

निर्णय नं. १४

यस नगरपालिका क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्व सरकारी संस्था लगायतका संघ संस्थाहरुले यस नगर क्षेत्रमा संचालन गर्ने कार्यक्रम तथा परियोजनाहरु नगरपालिकाको स्वीकृत मापदण्डको अधिनमा रही नगरपालिकाले स्वीकृत गरे पश्चात मात्र परियोजना तथा कार्यक्रमहरु संचालन गर्न दिने निर्णय गरियो।

निर्णय नं. १५

यस नगरपालिकाको संचित कोषमा मौज्दात रहेको अवस्थामा सो रकम यस क्षेत्रमा संचालित बैकहरुलाई प्रवर्द्धन गर्न दुई पक्षिय सहमतिमा कल एकाउन्ट खोली रकम जम्मा गरिनेछ सो कार्यवाट केही रकम समेत आम्दानी हुने तर आवश्यक भएको वेला तत्कालै कार्यालयले फिर्ता पाउने गरी रकम परिचालन गर्न नगरपालिकालाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

नगरपालिकामा स्थायी रुपमा कार्यरत कर्मचारीहरूको लागि सेवासुरक्षालाई ध्यानमा दिदै घटिमा १ महिना बराबरको तलबलाई कर्मचारी कल्याण कोषमा जम्मा गर्ने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १७

यस नगरपालिकाको वडास्तरमा सबैभन्दा बढी आन्तरिक श्रोत (राजश्व) संकलन गर्ने वडालाई प्रोत्साहन स्वरुप एक वटा योजना संचालनको लागि समपुरक कोषबाट रु ५ लाख पुरस्कार स्वरुप रकम कार्यक्रम आधारमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८

यस नगरपालिकाको लागि नगर तथा वडास्तरबाट संशोधित संचालित भै सकेका आयोजना तथा कार्यक्रमहरुको शिर्षकमा नपुग वा फरक शिर्षकबाट भुक्तानी गरिएको योजना तथा कार्यक्रमको उक्त भुक्तानी खर्च रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईटको लागि जग्गा प्राप्त गर्ने र पूर्वाधारको विकास गरी फोहोरमैलाको दिगो व्यवस्थापनलाई अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. २०

नगरका मुख्य चौकहरु, बस विसौनी तथा नगरपालिकाको लागि विभिन्न वडा क्षेत्रका बजार उन्मुख वस्तीहरूमा सुरक्षा तथा नविकरणीय उर्जा प्रवर्द्धन गर्न सोलार सडक बत्ती जडान गर्ने साथै आधारभूत पूर्वाधार तयार गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

नगर क्षेत्रका मुख्य तथा शाखा सडकहरुमा नेपाल सरकार तथा नगरपालिकाले तोकेको मापदण्ड भित्रको सडक क्षेत्रमा हुने अतिक्रमणलाई रोक्न वडा समिति कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २२

नगरपालिकाको यस आ.व.देखि विस्तार हुने सडकहरुको क्षेत्राधिकार सडकको अवस्था हेरी न्यूनतम ३, ६, ८, १० र १५ मिटर चौडा मापदण्ड भन्दा कम नहुने गरी मात्र सम्झौता गर्ने भवन निर्माण तथा सडक मापदण्ड सम्बन्धि कानुन बनाई लागु गर्न कार्यपालिका निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. २३

नगरपालिका क्षेत्रमा संचालन हुने रू. २ लाख भन्दा माथिका आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/गर्ने व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थल मै होडिङ बोर्ड/सूचना पाटी राख्ने निर्णय गरियो ।

निर्णय नं. २४

Sangam

नगरपालिका कार्यालय र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य चौकी समेतमा सेवा करारमा, ज्यालादारीमा कार्यरत कार्यालय सहयोगि, सवारीचालक कर्मचारी तथा सामाजिक परिचालकहरूलाई आगामी आ.व.देखि नेपाल सरकारले तोकेको सोही तहको न्यूनतम मासिक, दैनिक पारिश्रमिक बराबरको रकम उपलब्ध गराउने साथै सेवा करारमा कार्यरत कर्मचारीहरुलाई कार्यविधी बनाई स्थायी प्रकृयाको लागि अगाडी बढाउने र स्थायी कर्मचारीहरुको तह वढुवा र ग्रेड मिलान प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २५

नगरस्तरीय तथा वडा स्तरीय पूर्वाधार विकास तर्फका स्वीकृत योजनाहरु नगर कार्यपालिकाको निर्णय बमोजिम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २६

बालबालीकालाई विद्यालय नपठाउने अभिभावकहरुलाई नगरपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारिसहरु) बाट बन्चित गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

यस नगरपालिकाभित्रका कुनै योजना तथा कार्यक्रम कारणवस संचालन हुन नसक्ने अवस्था भएमा वा अन्य सरकारी तथा सार्वजनिक कार्यालय वा संघ संस्था बाट सञ्चालन हुने अवस्था आई दोहोरो पर्न गएमा त्यस्ता योजना तथा कार्यक्रमको हकमा कार्यपालिकाबाट निर्णय अनुसार हुने निर्णय गरियो ।

निर्णय नं. २८

प्रत्येक वडामा २० जना युवाहरुको समूहहरू खडा गरी वडा स्तरीय युवा उद्यमशीलता समिति निर्माण गराई उनीहरूले चाहेको व्यवसाय वा उद्योग संचालन गर्न नगरपालिकाबाट प्राविधिक तथा प्रशासनिक सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

नगरपालिका क्षेत्रमा कम्तिमा एक सुविधा सम्पन्न अस्पताल निमार्ण गर्न संघीय सरकार तथा प्रदेश सरकारसंग माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३०

नगर क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको खोजि, संरक्षण र दीगो उपयोगका लागि प्रचलित कानून बमोजिम वातावरणमैत्री रोजगारीमूलक उद्योग/प्रतिष्ठान स्थापना गर्न करारमा लिने/दिने निर्णय गरियो।

निर्णय नं. ३१

डाक्नेश्वरी नगरमा बसोवास गर्ने विपन्न दलित बर्गका बासिन्दालाई क्यान्सर, मुटु, मृगौला खराब भएका प्रमाणका आधारमा बिरामीलाई नगरबाट आर्थिक सहायता तथा अनुदान सहयोग कार्यविधि अधिनमा रही यातायात खर्च बापत प्रति बिरामी रू ५०००।०० (अक्षरूपी पाच हजार) एक पटकका लागि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३२

नगरपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन सेवा करारमा कार्यरत कर्मचारीहरु तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई सोही पदमा नै निरन्तरता दिने तथा नेपाल सरकारले तोकेको न्यूनतम सुविधा कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

सिमित कर्मचारीबाट कार्यसम्पादन गराउनुपर्ने बाध्यता, जनप्रतिनिधिद्धारा नेतृत्व गरेका स्थानीय तह र सो अर्न्तगतका कार्यालयहरुबाट छिटोछरीतो, सृजनशिल र फरक ढंगले सेवा सम्पादन हुने कुरा महसुस गराउनका लागि नगरपालिकाका लागि कार्यालयमा कार्यरत दरबन्दी अनुसारका स्थायी कर्मचारीहरूलाई कार्यसम्पादन सूचकको आधारमा अधिकतम २५ प्रतिशतसम्म कार्यविधी बनाई प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३४

यस नगरपालिका भित्र सार्वजनिक, ऐलानी, सरकार गुठी, पर्ति जग्गाहरुमा विगत लामो समय देखि बसोवास गरिरहेका आफ्नो वा आफ्नो एकाघर संगोलका परिवारको नाममा नेपाल राज्यभर भूमी स्वामित्व नभएका सुकम्वासी परिवारहरुको लगत राख्नका लागि नगर कार्यपालिकाबाट विशेषज्ञ सहितको समिति गठन गरी सुकुम्बासी परीवारको प्रचलित कानून बमोजिम स्वामित्व कायम गर्ने प्रवन्ध गर्न भूमिहिन पहिचान कार्ड उपलब्ध गराउने तर पहिचान कार्ड प्राप्त गरेर नेपाल राज्य भर कहि कतै जग्गा भेटिएमा सो कार्ड स्वतः खारेज गरी नगरवाट प्रदान गरिने सार्वजनिक सेवामा समेत रोक लगाउने निर्णय गरियो ।

निर्णय नं. ३५

सार्वजनिक खोला, पैनीको डिल, नहर, सडकक्षेत्र वा यस्तै प्रकारका सार्वजनिक/ विद्यालय/गुठी/मठ/मन्दिर लगायत सार्वजनिक संघ/संस्थाको जग्गा मिचि बनाईएका संरचनाहरु प्रचलित कानून बमोजिम हटाउने निर्णय गरियो ।

निर्णय नं. ३६

काबु बाहिरको परिस्थितिमा बाहेक २ वर्ष वा सो भन्दा बढी अवधि सम्म जग्गा प्रयोजन बिहिन अबस्थामा राख्ने जग्गाधनीलाई नगरपालिकाले तोकेको सम्पति एवं भूमिकरमा थप ५० प्रतिशत जरीवाना लिने निर्णय गरियो ।

निर्णय नं. ३७

कृषि तथा पशुजन्य वस्तुहरुको संकलन र विक्रीका लागि नगरपालिकाको कम्तिमा २ ठाउंमा स्थायी कृषि बजार केन्द्र स्थापना गर्न जग्गा प्राप्ति प्रकृया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं. ३८

आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका एकल महिलाहरुलाई आत्मनिर्भर तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि एकल महिला स्वाबलम्वन कोष स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं. ३९

८० वर्ष उमेर नाघेका जेष्ठ नागरिक तथा पूर्णअपांगता भएका तथा हिडडुल गर्न नसक्ने जुनसुकै उमेर समूहका लाभग्राहीहरुलाई घरघरमै जनप्रतिनिधिद्वारा बैंक मार्फत घरघर मै भत्ता पुर्याउने निर्णय गरियो ।

निर्णय नं. ४०

अपांगता भएका व्यक्तिहरूको लागि र जेष्ठ नागरिक व्यक्तिहरूको लागि नगरपालिका स्तरीय दिवा सेवा केन्द्र, हेरचाह केन्द्र निर्माणका लागि साझेदारीमा कार्य गर्न संस्था तथा निकायलाई आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१

नगरपालिकामा रहेका दलित(मुसहर, डोम, चमार, वांतर)हरूका साक्षर महिलालाई २० वर्ष भन्दा वढी उमेर भई विवाह गरेमा प्रमाणका आधारमा प्रतिविवाह बापत रू.३०००।(तीस हजार) प्रोत्साहन अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४२

डाक्नेश्वरी नगरपालिकाको सार्वजनिक गतिविधिलाई मोबाईल एप्स, वेभसाईट तथा डिजिटल डिस्प्ले मार्फत सार्वजनिकरण गर्न प्रविधि जडान गर्ने निर्णय गरियो ।

निर्णय नं. ४३

नगरपालिकाको केन्द्र रहेको पातो बजारलाई सिसिटिभीको माध्यमबाट सुरक्षित तथा मर्यादित बनाउदै लैजाने निर्णय गरियो ।

निर्णय नं. ४४

वार्षिक २० हजार वा सो भन्दा बढि कर तिर्ने करदातालाई रू.५०००। पुरस्कार सहित सम्मान पत्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४५

स्वीकृत विनियोजन विधेयकमा रहेको योजना तथा कार्यक्रमलाई श्रोतगत तथा वजेट उप शिर्षक अनुसार मिलाउने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो ।

निर्णय नं. ४६

समपुरक कोषमा विनियोजन गरिएको वजेटवाट संघीय, प्रादेशिक तथा आन्तरिक आवश्यक्तका आधारमा आयोजना छनौट गरी आन्तरिक बजेट तथा वाह्य वजेटसंग समपुरक गराई कार्य गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४७

०७६/०७७ को जिन्सी निरिक्षण प्रतिवेदनमाथि छलफल गरियो । प्रतिवेदनमा उल्लेख भएअनुसार पुराना जिन्सी सामाग्रीहरु मर्मत गरेर पनि प्रयोगमा आउन नसक्ने भएका त्यस्ता जिन्सी मालसामानहरु नियमानुसार लिलाम विक्री, मिन्हा गर्न नगरपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४८

नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे गर्ने र सर्भे प्रतिवेदन नगरसभामा पेश गर्न कार्यालयलाई निर्देशन दिने तथा सर्भे नभएसम्मका लागि कार्यालयबाट स्वीकृत दरबन्दी अनुसारको कर्मचारीहरूको तलबी प्रतिवेदन र सो मा उल्लेखित दरबन्दी पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४९

यस नगरपालिकाको क्षेत्राधिकारका विषयमा नगरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत विस्तृत आयोजना, गुरूयोजना प्रतिवेदन,विपद व्यवस्थापन योजना,नगर स्तरीय यातायात गुरुयोजना बनाउने अधिकार कार्यालयलाई दिने निर्णय गरियो ।

निर्णय नं. ५०

यस नगर क्षेत्र भित्र संचालन हुने वडास्तरिय उपभोक्ताबाट संचालन हुने आयोजनाहरुको सम्झौता, अनुगमन निरिक्षण, कार्यान्वयन, सिफारिस लगायतका योजनासाग सम्बन्धित काम गर्न वडा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै चालु खर्च तर्फको पेश्की रकम कर्मचारी मार्फत वडा कार्यालयलाई उपलब्ध गराई सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५१

नगरस्तरीय तथा वडा स्तरीय रू. २०००। भन्दा बढी रकमको उपभोक्ता साझेदारीमा सञ्चालन हुने योजनाको हकमा अनिवार्य रूपमा बैक खाता मार्फत भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५२

यस नगरपालिकाको नगरसभाको वैठक भत्ता रू.२०००। नगर कार्यपालिकाको वैठक भत्ता रू.१५००। तथा अन्य जुनसुकै प्रकारको विषयगत तथा अन्य समितिको भत्ता प्रतिवैठक रू.१०००। निर्धारण गर्ने निर्णय गरियो ।

निर्णय नं. ५३

यस नगरपालिकामा रहेका रहने सामाजिक परिचालक/ परिचालिकाहरूको मासिक तलब रू.१६०००। (सोह हजार) कायम गरी कार्यप्रभावकारीताका आधारमा कार्यपालिकाको निर्णयअनुसार नगरपालिकाको श्रोत समेतलाई विचार गरी अन्य सेवा सुविधाका बारेका मापदण्ड बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५४

महिला स्वयंसेविकाहरू स्वेच्छाले अवकाश हुन चाहेमा नगरपालिकाले प्रतिव्यक्ति रू.२०००।(बिस हजार) एकमुष्ट रकम हाललाई कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५५

यस नगरपालिकाका दसवटै वडाभित्र रहेका सुचिकृत मेलमिलापकर्ता मार्फत न्यायिक समितिको निर्देशन अनुसार पक्षविपक्षमा मेलमिलाप गराई समस्या समाधान गरिए अनुसार मेलमिलाप केन्द्रलाई प्रति उजुरी मेलमिलापको लागि रू.१०००।(एकहजार) अनुदान उपलब्ध गराईनेछ ।

निर्णय नं. ५६

नेपाल सरकारबाट प्राप्त हुने अन्य आम्दानी, आन्तरिक आम्दानी तथा बजेट तथा कार्यक्रमको सन्दर्भमा योजना तथा कार्यक्रम बनाउने जिम्माको निर्णयाधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. ५७

बजेट तथा कार्यक्रमको सामान्य त्रुटी, तथा रकममा अन्तर परेकोमा नगरकार्यपालिकालाई सच्याई कार्यान्वयन गर्न अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५८

यस नगरपालिकाका वडा नं.१ देखि १० सम्मबाट प्राप्त योजनाहरू मध्ये यस बजेटमा सम्बोधन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई नगरपालिकालाई कुनै श्रोत प्राप्त भएमा प्राथमिकिकरण गरी सञ्चालन गर्ने निर्णय गरियो । साथै यस नगरपालिकाको वडा भेला तथा नगरकार्यपालिकाबाट प्राप्त सम्पूर्ण योजना तथा कार्यक्रमलाई यसै बजेट मार्फत सुचिकृत गरी प्रदेश सरकार, नेपाल सरकार तथा दातृ निकायहरूको श्रोतबाट संचालन गर्न बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ५९

यस नगरपालिका भित्र समायोजन भई आएका जुनसुकै सेवाका कर्मचारी तथा विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरुको कार्यसम्पादनस्तर हेरी पुरस्कार तथा दण्डको रुपमा प्रचलित कानून अनुसार विभागिय कारवाही गर्ने सम्मको अधिकार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगरप्रमुखबाट हुने गरी निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६०

लेखा समिति, सुशासन समिति तथा विद्यायन समितिलाई निरन्तरता दिने ।

निर्णय नं. ६१

नगरपालिकाबाट संचालित कुनैपनि योजनामा कुनै प्राविधिक मुल्यांकनमा थप छानविन गर्नुपर्ने भएमा कार्यालयले विज्ञ परार्मस सेवा मार्फत स्वतन्त्ररुपमा कार्यगराउन सक्ने गरी कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६२

यस नगरपालिकाको आ.व. ०७७/०७८ को योजना तथा कार्यक्रमबाट संचालन हुन नसकी फिर्ता संचितकोषमा भएको रकम (अ.ल्या) बजेट नगरपालिकाको घाटा बजेट पूर्ति गरी बाँकी रकम नगर कार्यपालिकाको निर्णय अनुसार योजना बनाई संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६३

यस नगरपालिकाबाट वडास्तरमा संचालन गरिने कुनैपनि योजनाको जानकारी वडास्तरका जनप्रतिनिधिलाई अनिवार्य रुपमा जानकारी गराउनुपर्ने निर्णय गरियो ।

निर्णय नं. ६४

आ.व. २०७७/०७८ मा नगर कार्यपालिका, नगरपालिकाप्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत बाट निर्णय भइ संचालन भएका सम्पूर्ण योजना तथा कार्यक्रम र भुक्तानीलाइ समर्थन र अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६५

महिला/ दलित/ समुदायले आफनो नाममा प्रचलित कानुन बमोजिम दर्ता गर्ने उद्योग व्यवसायमा चालीस प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. ६६

आ.व. २०७८/०७९ मा नगरपालिका कार्यालय र वडा कार्यालयको लागि मोटर साइकल मर्मत वापत वार्षिक १०,००० मात्र, इन्धन वापत मासिक १५ लिटर, फिल्डमा खटिनेको लागि २५ लिटरमा नबढने गरी सिमाकंन गर्ने र कुनै कर्मचारीले कार्यालय प्रयोजनको लागि निजी सवारी साधन प्रयोग गरेमा यसै बमोजिमको सुविधा उपलब्ध गराउने तथा आ.व. २०७७/०७८मा कार्यालय प्रयोजनको लागि निजी सवारी साधन प्रयोग गरेबापत उपलब्ध गराएको मर्मत सम्भार खर्च र ईन्धन लाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६७

यस नगरपालिकाको केन्द्र देखि प्रत्येक वडा कार्यालय जाने बाटो ग्राभेलिङ्ग गरिदिन वा सो कार्यको लागि बजेट व्यवस्थापन गरिदिन संघिय सरकार र प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयलाइ अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६८

आ.व. २०७७/०७८ मा सम्झौता भई हाल कार्य सम्पन्न भएका तर भुक्तानी गर्न बाँकी रहने अनुसूचीमा उल्लेख भएका योजनाहरुलाइ आ.व. ०७८/०७९ मा भुक्तानी गर्न कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६९

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०७८/०७९ का लागि वडा समितिवाट छनौट भई शिफारीस भएका आयोजनाहरु मध्येवाट नगर कार्यपालिकाले निर्णय गरी प्राथमिकता र आवश्यकताको आधारमा कार्यान्वयन गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं. ७०

यस नगरपालिकाको हालसम्मको लेखापरीक्षणबाट देखिएको बेरूजुहरूको फर्छ्यौटका लागि कार्य अघि बढाउन आन्तरिक लेखा परिक्षण शाखालाई जिम्मेवारी दिने र बेरुजु फछ्यौंट गरी आर्थिक प्रशासनलाई मितव्ययी र प्रभावकारी बनाउन साथै आगामी दिनमा बेरुजु आउन नदिन सम्बन्धित सबै पक्षले यसतर्फ ध्यान दिने र बेरुजु न्यूनीकरण गर्न यथाशिघ्र आवश्यक काम कारबाही गर्न कार्यालयलाई निर्देशन दिने साथै हालसम्म देखिएका बेरुजु मध्ये असुल उपर गर्नुपर्ने बेरुजु असुल उपर गर्नको लागि उपलब्ध हुने सबै विकल्पको प्रयोग गर्ने र नियमित गर्नुपर्ने,पेश्की बेरुजु तथा प्रमाण पेश

गर्नुपर्ने बेरुजुको सन्दर्भमा कार्यालयले पेश गरेको कागजात र प्रमाणको आधारमा बेरुजु फछ्यौंट गर्ने र उक्त बेरुजु फछ्यौंट गरीदिन महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७१

न्यायिक समिति,अनुगमन समित र विभिन्न विषयगत समिति बाट प्राप्त प्रतिवेदन माथी छलफल गरियो । प्रतिवेदनमा उल्लेख भएका सुझावहरुलाई कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

Sangam

अनुसूचि ३

नगरपालिका तथा वडास्तरवाट संचालन हुने क्षमता विकास, तालिम, गोष्ठी सेमिनार लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु संचालन खर्च मापदण्ड

(क) रा.प.प्रथम, द्वितिय अधिकृतस्तर प्रशिक्षक/श्रोतव्यक्ति : प्रतिकक्षा रू.२५००।

(ख) रा.प.तृतियस्तर प्रशिक्षक : प्रतिकक्षा रू २०००।

(ग) सहायकस्तर प्रशिक्षक : प्रतिकक्षा रू. १२००।

(घ) खाना प्रति छाक : रू.२५० ।

(ङ) खाजा चिया प्रति व्यक्ति : २००।

(च) स्टेसनरी : प्रति व्यक्ति : १५०।

(छ) हलभाडा प्रतिदिन रू.१००० ।

(ज) ब्यानर : प्रतिकार्यक्रम रू.१५००।

(झ) अनुगमन भत्ता : रू.१५००। (कार्यक्रम अनुगमनको लागि ७ कार्यदिन सम्म बढीमा ३ जना र ७ कार्यदिन भन्दा बढीको कार्यक्रमको लागि ५ जना मात्र लाई अनुगमन भत्ता प्रदान गर्न सकिनेछ । अनुगमन गर्ने पदाधिकारी आधिकारीक र दर्जा खुलेको हुनुपर्नेछ । कार्यक्रम अनुगमनको लागि जाने कर्मचारीको हकमा कार्यालय प्रमुखबाट स्वीकृती लिएको हुनुपर्नेछ ।

(ञ) प्रतिवेदन : प्रति कार्यक्रम रु.१०००।

(ट) सहभागी यातायात खर्च : वडास्तरीय कार्यक्रमको लागि रु ३००, नगरपालिका स्तरीय कार्यक्रम रु ४००

ठ) संयोजक भत्ता : ७ कार्यदिन सम्मका लागि प्रतिदिन रु ४०० सो भन्दा माथि कार्यदिनको लागि ४५०।(श्रेणीविहिनले संयोजक भत्ता पाउन सक्नेछैन)

ड) सहयोगी भत्ता : ७ कार्यदिन सम्मका लागि प्रतिदिन रु १५० सो भन्दा माथि कार्यदिनको लागि २००।(सहयोगी भत्ता बढीमा दुई जना सम्मलाई प्रदान गर्न सकिनेछ ।

ढ) प्रशिक्षण मसलन्द खर्च : प्रतिदिन रु ५०० (वोर्डमार्कर,मेटाकार्ड,टेप,क्लिप,फाईल,फोटोकपी पेपर,चार्टपेपर)

ण) विविध खर्च प्रतिदिन :१००० (खानेपानि,सरसफाई,रिचार्ज लगायत कार्यक्रम सञ्चालन गर्दा आईपर्ने भैपरी खर्च)

अन्य कुनै नर्म्स थप हुनुपर्ने भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

आर्थिक बर्ष २०७८/७९ को लागि डाक्नेश्वरी नगरपालिकाले पेश गरेको अनुमानित आय बिबरण (बजेट) यस प्रकार छ ।

	शिर्षक	आ.ब. २०७७/७८ को संसोधित अनुमान	आ.ब. २०७८/७९ को अनुमान
	आय	रु हजारमा	रु हजारमा
१	**आन्तरिक राजश्व**	१४००	१५०००
	संघिय सरकार		
२	संघीय सरकार राजश्व बाँडफाँटबाट प्राप्त रकम	७७६३०	८९१५०
३	संघिय वित्तीय समानीकरण अनुदान	१३३७००	१३९१००
४	संघिय शसर्त अनुदान	२४००००	२३४५००
५	बिशेष	३७५००	१४५००
	प्रदेश सरकार		
५	प्रदेश सरकार वित्तीय समानीकरण अनुदान	७३५०	९५५८
६	प्रदेश सरकार राजश्व बाँडफाँटबाट प्राप्त रकम	३९३२	६७८२
७	प्रदेश सरकारबाट प्राप्त बिशेष अनुदान	३०००	३०००
८	प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान	२०००	२०००
	प्रदेश शसर्त अनुदान	८०००	
९	**आल्या तथा अन्य आय**	४००००	१३६६५७
	जम्मा	**५५४५१२**	**६५०२४७**

चालु आ.ब. २०७८/७९ को लागि अनुमानित खर्च बजेट

१	चालु खर्च	चालु तर्फ	
		९८८३००००	राजश्व

पुँजीगत कार्यक्रम तर्फ

संकेत	योजना तथा शिर्षकगत कार्यक्रम	विनियोजित रकम रू.	खर्च स्रोत
	कोभिड १९ रोकथाम तथा उपचार कोष	५००००००	समानीकरण
	विपद व्यवस्थापन विशेष कोष	३०००००	समानीकरण
	अनुदान तथा आर्थिक विपन्न सहायता कोष	१५०००००	समानीकरण
	आकस्मिक कोष	३०००००	समानीकरण
	समपुरक कोष	५०००००	समानीकरण
२२२३१	नगरपालिका भवन निर्माण	१५०००००	समानीकरण
२९३११	फर्निचर तथा फिक्चर्स	२५०००००	समानीकरण
	सवारी साधन	१०००००	समानीकरण
	मेसिनरी औजार आदि	२५०००००	समानीकरण
२९६२१	पुँजीगत सुधार खर्च सार्बजनिक निर्माण	२१८०६६०००	
२९७११	पूजिगत अनुसन्धान तथा परामर्श	२०००००	समानीकरण
	अन्य फिर्ता	२०००००	समानीकरण
	सावा, व्याज, ऋण तथा अन्य	१०००००	समानीकरण
	पूजिगततर्फको जम्मा खर्च	२५८८६६०००	
	कुल चालु र पुँजीगत	३५७६९६०००	
	सशर्त तर्फ	२३४५०००००	
	आ.व. २०७७/७८ को भुक्तानी दिन बाँकी	४३५५१३९६	
	संघिय बिशेष अनुदान (डिप बोरिंग जडान)	१४५०००००	
	कुल	६५०२४७३९६	

नेपाल सरकारबाट प्राप्त सशर्त तर्फको बजेट तथा कार्यक्रम नेपाल सरकार बाट तोकिएको मार्गदर्शन तथा प्रचलित स्थानीय अधिकार बमोजिम सोहि शिर्षक अनुसार खर्च गरिनेछ । सामाजिक सुरक्षा भत्ता यसमा समाबेश गरिएको छैन ।

वडा तर्फका योजना तथा कार्यक्रमको लागि विनियोजित अनुमानित रकम

क्र.सं.	वडा नं.	अनुमानित विनियोजित रकम	कैफियत
१	वडा नं. १	९५०००००	
२	वडा नं. २	१०५०००००	
३	वडा नं. ३	९०००००	
४	वडा नं. ४	१३७०००००	
५	वडा नं. ५	९३५००००	
६	वडा नं. ६	१५५०००००	
७	वडा नं. ७	९८०००००	

८	वडा नं. ८	१५५०००००	
९	वडा नं. ९	११००००००	
१०	वडा नं. १०	१०९५००००	
	वडाको कुल जम्मा रकम	**११४८००००**	
	बिषयगत शाखा		
१	कृषि	५१०००००	
२	पशु	५१०००००	
३	उधोग विकास तथा रोजगार प्रबर्धन	५१०००००	
४	सहकारी	२०००००	
५	शिक्षा	६३०००००	
७	स्वास्थ्य/जनस्वास्थ्य प्रबर्दधन	१०२१००००	
८	स्वास्थ्य चौकी संचालन तथा व्यबस्थापन खर्च	५९६८०००	
९	खानेपानी तथा सरसफाई	१३०००००	
१०	लैंगिक समानता तथा सामाजिक समाबेसिकरण	२०००००	
११	महिला तर्फका कार्यक्रमहरु	२०००००	
१२	बालबालिका तर्फका कार्यक्रमहरु	१५०००००	
१३	आदिबासी जनजाती तर्फका कार्यक्रम	३०००००	
१४	दलित तर्फका कार्यक्रमहरु	५०००००	
१५	जेष्ठ नागरिक तर्फका कार्यक्रमहरु	२५०००००	
१६	अपांग तर्फका कार्यक्रमहरु	८०००००	
१७	सहिद परिवार तर्फक कार्यक्रम	३०००००	
१८	सूचना प्रबिधि	२५०००००	
१९	सामाजिक सुरक्षा तथा पंजीकरण	१४६३०००	
२१	बाताबरण तथा विपद ब्यबस्थापन तर्फक कार्यक्रम	५०००००	
२२	न्यायिक समिति	२०००००	
२३	संस्थागत, विकास, सेवा र प्रवाह	४९०००००	
२४	वित्तीय ब्यबस्थापन र सुशासन	१५५०००००	
२५	पूर्वाधार विकास	४५२२५०००	
	जम्मा	**१०३२६६०००**	
	कुल	**२१८०६६०००**	

अनुसूची २

चालु खर्च विनियोजन अनुमान आ.व. २०७८।७९

खर्च शिर्षक	खर्च शिर्षक विवरण	अनुमानित चालु खर्च विनियोजन												
		नगरपालिका			वडा कार्यालय १	वडा कार्यालय २	वडा कार्यालय ३	वडा कार्यालय ४	वडा कार्यालय ५	वडा कार्यालय ६	वडा कार्यालय ७	वडा कार्यालय ८	वडा कार्यालय ९	वडा कार्यालय १०
		अनुदान	आन्तरीक आय	कुल	अनुदान	अनुदान	अनुदान	अनुदान	अनुदान	अनुदान	अनुदान	अनुदान	अनुदान	अनुदान
२११११	कर्मचारी पारिश्रमिक	२२५०००००		२२५०००००										
२१११३	महँगी भता	२००००००		२००००००										
२११४२	पदाधिकारी अन्य सुविधा	१७५०००००	३१०००००	२०६०००००										
२११४१	पदाधिकारी बैठक भता	४८०००००		४८०००००										
२११३४	बैठक भता	५०००००		५०००००										
२११११४	फिल्ड भता	५०००००		५०००००										
२११३९	अन्य भता		१७०००००	१७०००००										
२११२१	पोषाक भता	१५०००००		१५०००००										
२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	५०००००	५५००००	१०५००००										
२२१११	पानी तथा बिजुली	७०००००		७०००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००
२२११२	सँचार महसुल	१००००००	४००००	१०४००००	१५०००	१५०००	१५०००	१५०००	१५०००	१५०००	१५०००	१५०००	१५०००	१५०००
२८१४२	घर भाडा	११०००००	१००००	१११००००										
२८१४३	सवारी साधन तथा मेशिनरी भाडा	६०००००	३००००	६३००००										
२२३१४	इन्धन अन्य प्रयोजन	२०००००		२०००००										
२२२१२	इन्धन कार्यालय	२५०००००	५०००००	३००००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००	२००००
२२२११	इन्धन पदाधिकारी	८०००००		८०००००										
२२२१३	सवारी साधन मर्मत खर्च	११०००००		११०००००	७०००	७०००	७०००	७०००	७०००	७०००	७०००	७०००	७०००	७०००
२२२२१	मर्मत तथा सँचालन खर्च	११०००००		११०००००	२३०००	२३०००	२३०००	२३०००	२३०००	२३०००	२३०००	२३०००	२३०००	२३०००
२२२१४	बीमा तथा नविकरण खर्च	३०००००		३०००००										
२२३११	मसलन्द तथा कार्यालय सामग्री खर्च	३५०००००	७०००००	४२०००००	१४००००	१४००००	१४००००	१४००००	१४००००	१४००००	१४००००	१४००००	१४००००	१४००००
२२३१५	छपाइ तथा सुचना प्रकाशन	१००००००		१००००००										
२२४११	सेवा र परामर्श खर्च	२५०००००		२५०००००										
२२४१३	करार सेवा शुल्क	१०००००००	१००००००	११०००००										
२२५२२	कार्यक्रम खर्च	७०००००		७०००००										
	सरसफाइ शुल्क	५०००००		५०००००										
	सुचना प्रणाली तथा सफ्टवेयर	५०००००		५०००००										
२२६११	अनुगमन मुल्याङन खर्च	१०००००		१०००००										
२२६१२	भ्रमण खर्च	२०००००		२०००००										
	अन्य सेवाशुल्क	२४०००००	३०००००	२७०००००										
२२७११	विविध खर्च	३२०००००	१००००००	४२०००००	१२००००	१२००००	१२००००	१२००००	१२००००	१२००००	१२००००	१२००००	१२००००	१२००००
२२७११	विविध खर्च नगरसभा संचालन	१००००००	६०००००	१६०००००										
२६४११	नगर सुरक्षा अनुदान	४०००००		४०००००										
	कर्मचारी कल्याण कोष		१५०००००	१५०००००										
२७२१९	अन्य सामाजिक सहायता	१०००००	२०००००	३०००००										
२७११२	अन्य सामाजिक सुरक्षा कार्यक्रम	१०००००	२०००००	३०००००										
२८२११	राजश्व फिर्ता	१०००००	३०००००	४०००००										
२२५११	कर्मचारी तालिम	७०००००		७०००००										
	जम्मा	८७१०००००	११७३००००	९८८३००००	३४५०००	३४५०००	३४५०००	३४५०००	३४५०००	३४५०००	३४५०००	३४५०००	३४५०००	३४५०००

समानीकरण अनुदान, राजश्व बाँडफांड, आन्तरिक स्रोत र अन्य आय मार्फत स्वीकृत आ.ब.२०७८/७९ को बिनियोजन खर्च बिबरण

पुँजीगत सुधार तथा सार्बजनिक निर्माण खर्च :			
विकास कार्यक्रम अन्तर्गतको कार्यक्रम			
	आर्थिक विकास		**कैफियत**
	कृषि		
१	वडा स्तरीय कृषक तालिम स्थलगत समूहमा	२०००००	
२	अर्गानिक तरकारी खेती सम्बन्धी तालिम	३०००००	
३	हाईब्रिड तरकारी बिउ वितरण	३०००००	
४	तरकारी बिउ उन्नत किट विवरण	३०००००	
५	पोष्टर पम्पलेट, फ्लेक्स छपाई विवरण	१०००००	
६	कार्यालय सञ्चालन व्यवस्थापन खर्च	१०००००	
७	अनुगमन, मूल्याङ्कन एवं इन्धन	१०००००	
८	सूचना प्रकाशन एवं विवरण	१०००००	
९	आकस्मिक बाली संरक्षण	१०००००	
१०	माटो नमूना परिक्षण कार्यक्रम सञ्चालन	२०००००	
११	कृषि चुना वितरण एवं प्रदर्शन	१०००००	
१२	साना सिंचाईमा सहजीकरण अनुदान कार्यक्रम	५०००००	
१३	तरकारी बाली एवं उन्नतबालीमा उत्पादन प्रदर्शन	३०००००	
१४	कम्पोष्ट मल उत्पादन र प्रदर्शन	२०००००	
१५	कृषि उपकरण खरिद तथा वितरण साझेदारीमा	५०००००	
१६	च्याउ उत्पादन प्रदर्शन तालिम वितरण कार्यक्रम	२०००००	
१७	गहुँ बिउ उन्नतजातको वितरण ५०% अनुदानमा	४०००००	
१८	धानको बिउ उन्नत जातको ५०% अनुदानमा	४०००००	
१९	मौसमी फलफुल विरुवा वितरण (आम, लिच्ची,कागती) ५०% अनुदानमा	२०००००	
२१	कृषि नायब प्राविधिक सहायक एवं कार्यालय सहयोगी कर्मचारीको लागि तलब	५०००००	
		५१०००००	
	पशुपंक्षी विकास कार्यक्रम		
१	भवन मर्मत तथा बौण्ड्रीवाल	२५००००	
२	इपिडिमिक तथा आक्सिक रोग नियन्त्रण पशु खोप	९०००००	१ पटक

३	औषधी खरिद	६०००००	१ पटक
४	हिउदे घाँसको विउ खरिद	२५००००	१ पटक
५	चर्को घाँसको विउ खरिद	२०००००	१ पटक
६	च्याप कटर वितरण (व्यवसायिक फर्म दर्तावाला कृषक) सहकार्यमा ४०%	२०००००	१० सं.
७	उन्नत नश्लको प्रजन्न योग्य बोका वितरण	३०००००	१० पटक
८	पशु पालन सम्बन्धी ३ दिने तालिम	१०००००	१ पटक
९	ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता १ दिने अन्तरकृया गोष्ठी	५००००	१ पटक
१०	पशु नश्ल सुधारका लागि कृतिम गर्भाधान उपकरण तथा औषधी खरिद	१०००००	१ पटक
११	व्यवसायिक पशु पंक्षी पालक कृषकलाई टर्कीको चल्ला वितरण	२०००००	१ पटक
१२	व्यवसायिक मत्स्य पालक कृषकको पोखरीमा चुना वितरण	१०००००	१ पटक
१३	व्यवसायिक मत्स्य पालक कृषकलाई माछाको भुरा वितरण	२५००००	१ पटुक
१४	मत्स्य विकास कार्यक्रमका लागि TDS मिटर र PH मिटर खरिद	३०००००	१ पटक
१५	कार्यालय सञ्चालन, मर्मत, अनुगमन तथा इन्धन	२०००००	
१६	पशु प्राविधिक सहायकको तलब	११०००००	
		५१०००००	
	उधोग तथा बाणिज्य, स्वरोजगार र घरेलु उधोग		
१	वडा स्तरीय हाउस वाईरिंग तालिम तथा प्रविधि हस्तान्तरण	५०००००	
२	मोटरसाइकल मर्मत तालिम तथा प्रविधि हस्तान्तरण	५०००००	
३	पलम्वर तालिम तथा प्रविधि हस्तान्तरण	५०००००	
४	ताजा तरकारी उत्पादन सम्वन्धि तालिम तथा प्रविधि हस्तान्तरण	३०००००	
५	लघुउधम विकास कार्यक्रम	३०००००	
६	दलितहरुको लागि कम्प्युटर तालिम	२०००००	
७	उद्यम विकासका लागि सामाजिक परिचालन	३०००००	
८	उद्यमशिलता विकास तालिम	३०००००	
९	प्राविधिक सिप विकास तालिम	३०००००	
१०	वित्तीय सेवामा पहुँच	२०००००	
११	बजारीकरणमा सहयोग	३०००००	

१२	ग्रामिण उधम तथा विप्रेषण आयोजना	५०००००	
१३	माछा उत्पादन सम्बन्धी तालिम	१०००००	
१४	कृषक तालिम	१०००००	
१५	मुडा बनाउने तालिम	२०००००	
१६	आलुको बिउ खरिद तथा बितरण	५०००००	
		५१०००००	
	सहकारी		
१	सहकारी ब्यबस्थापन तथा लेखा तालिम	२०००००	
सामाजिक विकास समिति तर्फको कार्यक्रम			
	सामाजिक विकास		
	शिक्षा		
१	शैक्षिक क्यालेन्डर निर्माण	१०००००	
२	विधार्थी भर्ना अभियान	१५००००	
३	नियमित प्र.अ. बैठक खर्च, शिक्षा समिति बैठक र अनुगमन खर्च	३०००००	
४	नगरस्तरिय आधारभूत परिक्षा कक्षा ८ का लागि थप अनुदान	१०००००	
५	विधालय शिक्षक तथा कर्मचारीको परिचय-पत्र निर्माण	२०००००	
६	शिक्षक पुर्नताजगी तालिम ५ दिने	२०००००	
७	बालविकास कक्षाका लागि शैक्षिक सामाग्री खरिद	३०००००	
८	विधालयका लागि WHITE BOARD खरिद	४०००००	
९	उत्कृष्ट विधालय,शिक्षक, छात्र-छात्रा पुरस्कार खर्च	३०००००	
१०	मनोसामाजिक व्यवस्थापन कार्यक्रम	२०००००	
११	विधालय पूर्वाधार,रंगरोगन तथा कक्षाकोठा व्यस्थापन खर्च	२५०००००	
१२	विधालय सुधार योजना कार्याक्रम	३०००००	
१३	नगर स्तरिय मा.वि.विधालय खेलकुद प्रतियोगिता	३०००००	
१४	विधालयमा प्राथमिक उपचारका सामाग्रीको व्यस्थापन	२५००००	
१५	SEE तयारी कक्षा FM वाट	३०००००	
१६	सेवा निवृत शिक्षकहरुलाई सम्मान कार्यक्रम	१०००००	

१७	ज.मा.बि. कटैयामा फर्निचर तथा अतिरिक्त क्रियाकलापको लागि	३०००००	
		६३०००००	
	स्वास्थ्य/ जनस्वास्थ्य प्रवर्द्धन		
१	स्वास्थ्य चौकीको औषधी खरिद, ढुवानी तथा रि-प्याकिङ्ग	३००००००	प्रथम चौमासिकमा रु. २००००० र तेश्रो चौमासिकमा १५०००००
२	स्वास्थ्य चौकी मसलन्द खर्च	३०००००	
३	गाउँ घर क्लिनिक सञ्चालनको लागि फर्निचर	५०००००	
५	समुदायमा रहेको गर्भवती, सुत्केरी र २ वर्ष मुनिका बच्चाका आमाहरुलाई पोषण सम्बन्धी जनचेतनामुलक तथा नर्व क्याम्प संचालन, लान सेशन, हेल्थ पोष्टको लागि कम्यूनिटि स्कोर कार्ड फलप	१५०००००	१० वटै वडामा
६	स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि लागी	५०००००	
७	स्वास्थ्य संस्थाबाट टाढा रहेका वस्ती तथा स्वास्थ्य सेवा पहुँच कम भएको जोखिमयुक्त जनसंख्यामा स्वास्थ्य सूचना तथा व्यवहार परिवर्तन कार्यक्रम	५०००००	
८	स्वास्थ्य शाखाको लागि इन्धन तथा सञ्चार खर्च	१०००००	
९	कोभिड-१९ तथा सरुवा रोग रोकथाम तथा आवश्यक सामग्री खरिद	५०००००	
१०	स्वास्थ्य शाखा व्यवस्थापन फर्म, फर्मेट छपाई	३०००००	
११	वर्थिङ्ग सेन्टरमा कामकाज गर्ने कर्मचारीलाई रात्री खाजा खर्च	२०००००	
१२	खोप तथा गाउँघर क्लिनिक सञ्चालन गर्ने स्वास्थ्यकर्मीहरुको लागि फिल्ड भत्ता	२५००००	
१३	अनुगमन, मूल्याङ्कन तथा कार्यालयको कामकाजले वाहिर जाँदा भ्रमण खर्च	४०००००	
१४	स्वास्थ्यकर्मीहरुको लागि मासिक बैठक भत्ता	१५०००००	

१५	स्वास्थ्य शाखाको लागि ल्यापटप खरिद	१०००००	
१६	स्वास्थ्य संस्थाहरुको लागि कम्प्यूटर सेट, प्रिन्टर	५०००००	
१७	स्वास्थ्य संस्थाहरुको सञ्चालन खर्च	१५००००	
१८	महिला तथा जेष्ठ नागरिक स्वास्थ्य शिविर तथा उपचारात्मक खर्च	५०००००	
१९	HMIS तथा DHS२ तालिम	१०००००	
२०	खोप तथा अन्य कार्यक्रम	१५००००	
२१	टि.वी. क्षयरोग+कुष्ठरोग तालिम	१००००	
		९७१००००	
	स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन खर्च		
१	ल्याब कर्मचारीहरुको पारिश्रमिक	७६००००	
२	महिला स्वास्थ्य स्वयमसेविका प्रोत्साहन सुबिधा तथा यातायात	१४५८०००	
३	स्वास्थ्य चौकी व्यवस्थापन खर्च (पारिश्रमिक समेत)	२१५०००	
४	मेडिकल अधिकृत को पारिश्रमिक तथा उपचारात्मक खर्च	१६०००००	
		५९६८०००	
	खानेपानी तथा सरसफाई		
१	नगर सरसफाई कर्मचारी तथा सामग्री ब्यवस्थापन	३०००००	
२	विश्व चर्पी दिवस, सरसफाई सप्ताह र महिनाबारी स्वच्छता दिबस	१०००००	
३	सरसफाई सामग्री खरिद	५०००००	
४	शुद्ध खानेपानी प्लान्ट जडान कार्य साझेदारी	४०००००	
		१३०००००	
	लैंगिक समानता तथा सामाजिक समबेसिकरण	२०००००	
	महिला तर्फका कार्यक्रमहरु		
१	महिला संस्था निरन्तर संचालनका लागि चालुकोष संस्था, समूह समिति विच पुँजी	२०००००	
२	नारी दिवस तथा राष्ट्रिय महिला दिवस	१५००००	
३	लोकसेवा तयारी कक्षा संचालन	२५००००	
४	महिला हिंसा तथा चेलीबेटी बेचबिखन विरुद्ध सचेतना कार्यक्रम	१०००००	

५	सबै वडा भरिका किशोरीहरुलाई प्याड बनाउने तालिम	३०००००	
६	दाइजो प्रथा विरुद्धको कार्यक्रम	१५००००	
७	प्रजन्न स्वास्थ्य तालिम	१५००००	
८	नारीलाई पोते चुरा निर्माण सिकाउने	२०००००	
९	साबुन बनाउने तालिम	५०००००	
		२००००००	
	बालबालिका तर्फका कार्यक्रमहरु		
१	बाल संजाल तथा बाल क्लव विस्तार तथा शसक्तिकरण	१५००००	
२	बाल विवाह विरुद्धको रोकथाम अभियान (डोम, मुसहर, चमार, बाँतर) तथा सरसफाई	१०००००	
३	मातृ तथा शिशु पोषण कार्यक्रम	१५००००	
४	बाल विवाह, वहु विवाह रोकथाम अन्तर्गत किशोर, किशोरीलाई सचेतनामूलक कार्यक्रम	१०००००	
५	बाल उत्थान सम्बन्धी कार्यक्रम	१०००००	
		१५०००००	
	आदिबासी जनजाती तर्फका कार्यक्रम		
१	आदिबासी जनजाती सामाजिक सांस्कृतिक प्रवर्द्धन कार्य	३०००००	
	दलित तर्फका कार्यक्रमहरु		
१	दलित (डोम,चमार, मुसहर, बाँतर) लोक सेवा तयारी कक्षा संचालन	२५००००	
२	दलित सिपविकास तालिम तथा स्वरोजगार प्रवर्द्धन	२५००००	
		५०००००	
	जेष्ठ नागरिक तर्फका कार्यक्रम		
१	जेष्ठ नागरिक दिबस तथा सम्मान कार्यक्रम	१५००००	
२	जेष्ठ नागरिक समुह निर्माण तथा संचालन	१०००००	
		२५००००	
	अपांगता/ फरक क्षमता भएका तर्फका कार्यक्रमहरु		
१	अपाङ्गता भएका व्यक्तिको उत्थान, शिक्षा तथा स्वरोजगार मूलक तालिम	६०००००	
२	अपाङ्ग दिवस	१०००००	

३	अपाङ्ग व्यक्तिहरुको सम्मान जनक कार्यक्रम	१०००००	
		८०००००	
	सहिद परिवारका सदस्यहरुको स्वरोजगार मुलक तालिम	२०००००	
	सूचना प्रविधि समन्धी		
१	इन्टरनेट र इन्ट्रानेट जडान	५०००००	
२	सूचना प्रविधि तथा सफ्टवेर निर्माण	५०००००	
३	अभिलेख व्यवस्थापनको लागि सर्भर जडान	५०००००	
४	सिसि-क्यामरा सिस्टम स्तरोन्नति	२०००००	
५	पालिका कर्मचारीहरुलाई सूचना प्रविधि तालिम	३०००००	
६	वडा कर्मचारीहरु लाई सूचना प्रविधि तालिम (VERSP, PLAN, राजस्व सबै सफ्वेअर)	३०००००	
७	स्थानीय तह संस्थागत स्व-मुल्यांकन कार्यको लागि	१०००००	
८	सूचनाको हक र जिम्मेवारी सम्बन्धी अभिमुखीकरण	१०००००	
		२५०००००	
	सामाजिक सुरक्षा तथा पञ्जीकरण सेवा ईकाई		
१	एम. आई. एस. अपरेटर तथा फिल्ड सहायकका लागि तलव, भत्ता तथा संचार खर्च (एक चौमासिक)	३८३०००	
२	वडा सचिवहरुलाई १० दिने कम्प्यूटर तालिम	३०००००	
३	जनप्रतिनिधिहरुलाई गुनासो र पञ्जिकरण सम्वन्धी २ दिने अभिमुखिकरण कार्यक्रम	१५०००	
४	घटना दर्ता सम्वन्धी जनचेतना मुलक संदेश प्रसारण तथा प्रकाशन	१५००००	
५	बैठक खर्च वापत	१५०००	
६	(पालिकास्तरीय समन्वय समितिको बैठक)	१५०००	
७	सामाजिक सुरक्षा सम्बन्धी तालिम	१५०००	
८	दलित बालवालिका पोषण अन्तर्गतको कार्यक्रम	३०००००	
		१४६३०००	
पूर्वाधार विकास तर्फको कार्यक्रमहरु			
	पूर्वाधार विकास		
१	वार्ड नं. ५ पाता बजारमा सम्पूर्ण नाला बेजु साह, दिनेश साह, ओम प्रसाद साह, राम कुमार यादव घरदेखि नदीसम्म नाला निर्माण	२२०००००	

२	वार्ड नं. ५ पातो बजारमा पोषक साहको घरदेखि दुखी माझीको घरसम्म RCC ढलान कार्य	८०००००	
३	वार्ड नं. ५ मो. सागीरको घर देखि विसुन साहको जग्गासम्म RCC ढलान तथा होम पाइप जडान कार्य	१३०००००	
४	वार्ड नं. ५ दिनेश साहको घरदेखि ओमप्रसाद साहको घरसम्म RCC ढलान	८०००००	
५	डाक्नेश्वरी मन्दिरमा धर्मशाला प्लाष्टर निर्माण कार्य तथा रंगरोगन कार्य	६०००००	
६	वार्ड नं. ८ महादेव साहको घरदेखि ब्रहम्पुरसम्म माटो ग्राभेल कार्य	४०००००	
७	वार्ड नं. ८ मा मो. मकबुल घरदेखि ब्रहम्पुरसम्म माटो ग्राइभेल	५०००००	
८	वार्ड नं. ६ राम जानकी मंदिरदेखि ट्रान्सफर्मर हुँदै नहरसम्म माटो ग्राइभेल कार्य	४०००००	
९	वार्ड नं. ७ मा मा.वि. हटियादेखि महाविर मंडलको घरसम्म माटो ग्राइभेल	३०००००	
१०	वार्ड नं. ६ औरहीमा रमेश यादवको घरनिर अधुरो कलभर्ट भर्नको लागि	५०००००	
११	वार्ड न. ६ औरही मुसहरी पखरी देखि डोमराही हुँदै स्कूलको फिल्डसम्म माटो ग्राइभेल	२०००००	
१२	वार्ड न. १ कविलाशामा अधुरो महादेव मन्दिर देखि पूर्व जाने बाटोमा कलभर्ट निर्माण, वार्ड नं. १ बलाटी बैद्यनाथ यादवको घरदेखि राजदेव साहको घर हुँदै डिहबार थानसम्म ढलान कार्य	८०००००	
१३	वार्ड नं. १ किसुन देव साहको घरदेखि उत्तर जाने बाटोमा अधुरो ढलान पूर्ण गर्नको लागि	३०००००	
१४	पातो बजारमा तार चन्द्रको घरदेखि राजकुमार गुरुजीको घरसम्म माटो ग्राभेल	२०००००	
१५	वार्ड नं. ५ सावित्र १ मा डिहबार थान भवन निर्माण कार्य	५०००००	
१६	नगरको सम्पूर्ण वडामा पोललाइट जडान कार्य	५७०००००	
१७	वार्ड नं. ९ मा कृषि सिचाईको लागि पोल, तार र वार्ड नं. ५ को नगरपालिका भवन नजिक तार पोल व्यवस्थापन	५०००००	
१८	वार्ड नं. ९ सावित्र वडा नं. ५ पोखरीमा पर्खाल तथा घाट निर्माण कार्य	५०००००	
१९	वार्ड नं. ९ मा सावित्र वार्ड नं. ३ हुलाकी सडक देखी मस्जिदसम्म ढलान कार्य	५०००००	
२०	वार्ड नं. ९ सावित्र वडा नं. ४ र ५ जनक चौकदखी धोवयाही हुँदै बर्नेनियाँ ट्राफिक सडकसम्म ढलान कार्य	२००००००	
२१	वार्ड नं. ९ सावित्र ५ अधुरो भगवती मन्दिरको पखोल तथा मोदर निर्माण कार्य तथा माटो पुर्ने कार्य	१००००००	
